मिति २०७७।०४।१८ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको २८ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

**उपस्थिति:**

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू:

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

**छलफलका विषयहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धमा।
३. होल्डिङ स्पेस र क्वारेन्टिनको व्यवस्थापन सम्बन्धमा।
४. विविध

**निर्णय:**

१. कोभिड-१९ जिल्लागत संरचनाको मिति २०७७।०४।११ गते बसेको निर्णयहरू माथि समीक्षा गर्दा कार्यान्वयनको अवस्था प्रभावकारी रहेको पाइएकोले आगामी दिनहरूमा पनि सोहीअनुरुप निरन्तरता दिने।
२. जिल्लाको कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) को निर्णयअनुसार विदेशबाट आएका नेपाली नागरिकहरूका लागि सम्बन्धित जिल्लामा पठाउनु अघि राखिएको होल्डिङ्ग सेन्टरको भाडा दर नेपाल सरकारद्वारा तोकिएका प्राविधिकबाट सिफारिस भएबमोजिम हुने गरी हाललाई अनुमानितरुपमा दैनिक १५०००/- (पन्ध्र हजार) का दरले माग गर्ने र प्रयोग गरिएको मध्यपुर थिमी नगरपालिका वडा नं.-९ मा रहेको हेरिटेज पार्टी प्यालेस र सूर्यविनायक नगरपालिका वडा नं.-५ मा रहेको ईम्पेरियल व्यान्क्वेटलाई नियमानुसार नेपाली सेनाको वीरदल गण, सूर्यविनायक, भक्तपुरमार्फत भुक्तानी दिने।
३. जिल्लाको कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) ले जिल्ला भित्र रहेका होल्डिङ्ग सेन्टर र क्वारेन्टिनहरूको अनुगमन गरी संचालन र व्यवस्थापन कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने।
४. जिल्लास्थित महानगरीय प्रहरी परिसर र मातहतका कार्यालयहरूमा हिरासतमा राखिएका थुनुवाहरू तथा बालसुधार गृहमा रहेका बालबालिकाहरूलाई PCR परीक्षण गर्नका लागि भक्तपुर अस्पताल र जनस्वास्थ्य कार्यालय, भक्तपुरलाई व्यवस्थापन गर्न अनुरोध गर्ने।
५. मिति २०७७।०४।२० गते भक्तपुरमा मनाईने गाईजात्रा पर्वलाई आफ्नै घरमा पूजागरी मनाउन एवं कोभिड-१९ स्वास्थ्य सुरक्षा मापदण्ड बमोजिम गर्न/गराउन स्थानीय तहहरूलाई अनुरोध गर्ने।